# अर्थ सवाल

Artha Sawal Weekly साप्ताहिक

वर्ष ८, अंक ८, २०८० भदौ २१ गते बिहीबार (7 September 2023 Thursday) मूल्य रू. १०/-


## राजेशबाबु श्रेष्ठ एसियन बडीबिल्डिङको उपाध्यक्षमा चयन



काठमाडौं । मनकामना केबलकारका सञ्चालक राजेशबाबु श्रेष्ठ एसियाली बडीबिल्डिङको उपाध्यक्षमा चयन भएका छन् । काठमाडौंमा सम्पन्न एसियन बडीबिल्डिङ एण्ड फिजिक स्पोर्टस् फेडेरेसनको इलेक्टोरल कंग्रेसले श्रेष्ठसहित नेपालका चार नेपालीलाई विभिन्न पदमा चयन गरेको हो । इलेक्टोरल कंग्रेसले नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघका अध्यक्ष राजेशबाबु श्रेष्ठलाई फेडेरेसनको कार्यकारी उपाध्यक्षमा, उपाध्यक्ष विजयलाल कायस्थलाई फेडेरेसनको उपाध्यक्षमा, महासंघका सचिव दिनेश राजभण्डारीलाई प्राविधिक समितिको अध्यक्ष र महासंघको उपाध्यक्ष राजेश उपाध्यायलाई कार्यकारी सदस्यमा मनोनीत गरेको हो । कार्यकारी उपाध्यक्ष श्रेष्ठसहित सबै निर्वाचितहरुको कार्याकाल ४ वर्षको हुने छ ।

### ■ सरकारलाई तालाचाबी बुझाउने अवस्थामा उद्योगीहरु

# उद्योग संचालनमा सकसै सकस




यादव देवकोटा/अर्थ सवाल साप्ताहिक

काठमाडौं । मुलुकको अर्थतन्त्र उकास्न व्यापार र उद्योग दुबैको उत्तिकै भूमिका हुन्छ । तर नेपालको सन्दर्भमा व्यापार राजश्वसँग मात्र जोडिएको छ भने उद्योग आर्थिक-सामाजिक क्षेत्रलाई समेत समेटेर अघि बढेको हुन्छ । उद्योगले मुलुकको आवश्यकता पूर्तिका लागि वस्तु उत्पादन गर्छ, निर्यात गर्छ, विदेशी मुद्रा आर्जन गर्छ र युवालाई प्रत्यक्ष-अप्रत्यक्ष रुपमा ठुलो संख्यामा रोजगारी दिन्छ। यस हिसाबले मुलुकको आर्थिक विकास र समृद्धिका लागि उद्योग स्थापना हुनु र ती उद्योगले पूर्ण क्षमतामा उत्पादन गर्नु आवश्यक हुन्छ। कुनै पनि मुलुकको विकासको पहिलो शर्त नै औद्योगिकरण भएकाले पश्चिमा देशहरुमा शताब्दिपूर्व नै औद्योगिक क्रान्ति भएका थिए ।

नेपालमा पनि केही दशक अघिसम्म उद्योगधन्दाहरु राम्रैसंग खुलेका थिए र धेरै बस्तुमा मुलुक आत्मनिर्भर थियो। तर, अहिले अवस्था चिन्ताजनक छ। उद्योगीहरु सरकारी नीतिबाट हैरान छन्। उनीहरु उद्योगको ताला-चावी नै सरकारलाई बुभाउनुपर्ने अवस्था आउन लागेको भन्दै चिन्तित छन्। नेपालमा संचालित उद्योगहरु अहिले ४० प्रतिशतको हाराहारीमा मात्र उत्पादन गरिरहेका छन् । पूर्ण क्षमतामा उद्योग संचालन गर्ने वातावरण छैन । यसका विविध कारणहरुमा सरकारले लिने नीति प्रमुख छ। स्वदेशी उत्पादनलाई प्रोत्साहित गर्ने नीति र

बाँकी पृष्ठ ७


## सञ्चारमाध्यमको भूमिका परिष्कृत हुनुपर्छ : *अध्यक्ष बस्नेत*



काठमाडौं । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै सञ्चारमाध्यमको प्रस्तुति र भूमिकालाई परिष्कृत गर्न जरुरी रहेको बताएका छन् ।

अध्यक्ष बस्नेतले यसतर्फ ध्यान दिन सञ्चारमाध्यमलाई आग्रह पनि गरेका छन् । व्यक्तिले प्रयोग गर्ने सामाजिक सञ्जालमा राखिएका सामग्रीले भ्रम छर्दै गएकोतर्फ सञ्चारमाध्यम सजग बन्नुपर्नेमा उनले जोड दिए । उनले पत्रकार र सञ्चारमाध्यमलाई विश्वसनीय पत्रकारिता गर्नसमेत आग्रह गरे । ‘कोही पनि भ्रममा नपरौं, सामाजिक सञ्जालमा पस्किएका सबै विषय समाचार होइनन् तर त्यस्ता विषयवस्तुले

बाँकी पृष्ठ ७




## अर्थ सवाल साप्ताहिकका लागि:

सल्लाहकार सम्पादक : यादव देवकोटा
Advisor Editor : Yadab Devkota
सम्पादक/प्रकाशक : रमेश कुमार बोहोरा (९८५१०८४३५२)
Editor/Publisher : Ramesh Kumar Bohora
कार्यकारी सम्पादक : अशोक शिवाकोटी (९८४१८००६३३)
Executive Editor : Ashok Shiwakoti
सह-सम्पादक : योगेन्द्र चौलागाईं (९८४१२६३३०२)
Sub-Editor : Yogendra Chaulagain
व्यवस्थापक : राजेन्द्र थापामगर
Manager : Rajendra Thapa Magar
कानूनी सल्लाहकार : अधिवक्ता विष्णु गिरी (९८५१०२५२३१)
संवाददाता : अंकध्वज मोते, पवित्रा बजगाई, निता कुईंकेल
प्रेस : सप्तर्षि पब्लिकेशन प्रा.लि., चावहिल

कार्यालय :
काठमाडौ. महानगरपालिका वडा नं. २९ अनामनगर, काठमाडौं
E-mail : arthasawalweekly@gmail.com


## सम्पादकीय

# पुनः खाद्य सुरक्षाकै प्रश्न

सरकारको नीतिविहीन कार्यक्रम र घोषणाका कारण नेपाली जनताको खाद्य सुरक्षामाथिको अधिकार सधैं हनन् भैरहेको छ । खाद्य सुरक्षा प्रत्याभूति गर्न नेपालमा भूमि, जल, जनशक्ति सबै छ तर उत्पादन भने घट्दै घट्दै गएको छ । खेतीपातीमा काम गर्नेहरू विदेश पलायन भैरहेका छन् । यसले गर्दा खाद्यान्न आयातमा निर्भर हुनुपरेको छ । त्यस्तै नेपालमा उत्पादित खाद्यान्नको भण्डारण र समुचित वितरणको साटो सुरूमा निर्यात गर्ने र पछि महंगोमा आयात गर्ने प्रवृत्ति पनि रहेको छ । यसले गर्दा पनि खाद्य सुरक्षामाथिको अधिकार हनन् भैरहेको छ । खाद्यान्न संकट पर्ने जिल्ला बढ्दैछ ।

भारतले धान-चामल निर्यातमा प्रतिबन्ध लगाएपछि नेपालीको भान्छामा भातको परिमाण घटेको छ । नेपालीको प्रमुख खाद्यान्न भात हो र भातको स्रोत धान हो । नेपालीको खानाको ६७ प्रतिशत हिस्सा धानले ओगटेको छ तापनि धान उत्पादन भने घट्दो छ । कृषिप्रधान देश नेपालमा धान उत्पादन आवश्यकताभन्दा अझै १२ लाख ८० हजार मेट्रिक टन कम छ । नेपालीका लागि खानाका लागि मात्रै वार्षिक ६८ लाख ७० हजार मेट्रिक टन धान चाहिन्छ । त्यसबाहेक बीउ, रक्सी, दानालगायत अन्य प्रयोजनका लागि छुट्टै ११ लाख मेट्रिक टन धानको आवश्यकता पर्छ । अर्थात् नेपाललाई ७९ लाख ७० हजार मेट्रिक टन धानको आवश्यकता छ । यो हिसाब गर्दा २३ लाख ७९ हजार मेट्रिक टन धानको अभाव छ ।

तर, धान आधा वर्षमै उत्पादन बढाउन सकिन्छ । वर्षे धान र हिउँदे धान गरेर दुईबाली लाग्ने धान उत्पादनका लागि उपयुक्त नीति लिएर अघि बढ्ने हो भने वार्षिक ६८ लाख ७० हजार मेट्रिक टन धान उत्पादन गर्न सकिने विज्ञहरूले बताउँछन् । यो अनुमान धान खेती हुने खेतको आँकलनमा आधारित हो । तर, अहिले त धान खेती गर्ने किसानकै अभाव भैसकेको छ । सरकारले युवाहरूलाई देशभित्र कृषि उत्पादनमा अग्रसर गराउनुको साटो राजनीतिक कार्यकर्ता र विदेशका लागि श्रमिक मात्र बनाउने काम गरिरहँदा आधुनिक कृषि प्रणाली कागजमा मात्रै स्थापित भएको छ ।

देशको प्रधानमन्त्री कृषि विज्ञान अध्ययन गरेका भए पनि सरकारले कृषि क्षेत्रको विकासका लागि योजना बनाउन नसक्नु विडम्बना हो । कृषिविज्ञका रूपमा अध्ययन गरेका प्रधानमन्त्री नेतृत्वको सरकारले लाखौं हेक्टर कृषियोग्य जमिन बाँझो राखेर युवाहरूलाई विदेश पलायनका लागि मात्र प्रेरित गर्ने र वैदेशिक रोजगारीलाई आकर्षित गर्न अनेक योजना बनाउने काम गर्नुको साटो कृषिलाई मुलुकको सबभन्दा प्रतिष्ठित र दीगो रोजगारीको क्षेत्रका रूपमा स्थापित गर्न किन नसकेको भन्ने अहम् सवालको उत्तर नआउँदासम्म र यस्तो प्रश्न गरिरहनुपर्ने अवस्थामा परिवर्तन नहुँदासम्म मुलुक सदैव खाद्य समस्याको भूमरीमा परिरहनेछ ।

# सरकारी फजुल खर्च र वित्त व्यवस्थापनका समस्याहरु



डा. केशव देवकोटा

देशको आर्थिक अवस्थालाई लिएर बिभिन्न क्षेत्र र पक्षबाट बिभिन्न किसिमका चर्चा परिचर्चा र टिकाटिप्पणी भैरहेपनि सरकारमा रहेकाहरुले कसरी फजुल खर्च नियन्त्रण गर्ने र देशलाई सम्पन्न एबं आत्मनिर्भर बनाउने भन्नेतिर खासै ध्यान दिन सकेको देखिएको छैन । समग्रमा हेर्दा बर्तमान सरकारको वित्त व्यवस्थापनमै समस्या देखिएको छ । हरेक वर्ष बजेटमार्फत राखेको लक्ष्यभन्दा धेरै कम राजस्व उठेपनि सरकारमा रहेकाहरुले स्वदेशी एबं विदेशी ऋण प्राप्त गरेर मनमौजी खर्च गरिरहेको देखिएको छ । देशको आर्थिक समस्या गम्भीर छ, तर तत्कालै समाधान हुने कुनैपनि संकेतहरु देखिएका छैनन् ।

अर्थमन्त्रालयले बेलाबखत प्रकाशित गर्ने गरेका तथ्यांकहरुले समेत सत्ता र शक्तिमा रहेकाहरुले जथाभावी खर्च गर्ने गरेको देखाएका छन् । गत आवको विदेश भ्रमण, आर्थिक सहायता, अनुदान वितरणजस्ता बिभिन्न शीर्षकमा भएको खर्चलाई हेर्ने होभने धेरै कुराहरु स्पष्ट हुन्छन् । बर्तमान सरकार सत्तामा आएपछि गत आवको बजेटमा समेत दुई पटक संशोधन गर्नुका साथै फजुल खर्च नियन्त्रण गर्ने वचनबद्धता पटक पटक व्यक्त गरिएपनि त्यसको पालना हुनसकेन । जस्तो नेपाली कांग्रेसकी नेतृ आरजु राणा गतसाता प्रतिनिधिसभाअन्तर्गत रहेको कृषि, सहकारी तथा प्राकृतिक श्रोत समितिको सभापतिमा चयन भएलगत्तै उहाँले पहिलो निर्णय नै आफ्नो विदेश भ्रमणको बनाउनु भएको छ । जसअनुसार आगामी असोज १५ गतेदेखि पाँचदिनसम्म बंगलादेशको धान उत्पादन तथा अन्य कृषि क्षेत्रको अवस्था अवलोकन गर्न त्यसतर्फ जाने कार्यक्रम तय भएको छ ।

जुन टोलीमा नौजनाभन्दा बढी सदस्यहरु रहने छन् । उनीहरुको भ्रमणको उद्देश्य धानखेतीबारे अध्ययन गर्ने रहेको छ । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको व्यवस्थापनमा बंगलादेश जाने उक्त समितिका छजना र राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिका तीनजना गरी नौजना सदस्यले बंगलादेशको धानखेतीसहितका उत्पादन प्रणालीबारे बुझेर के हुन्छ ? धानखेति त संसारका अन्य मुलकमा पनि भैरहेको छ । उहाँले त कृषकलाई दुखदिने बाँदरको परिवार नियोजन गराउनेसम्मका हाँस्यापद योजनाहरु सार्वजनिक गरिसक्नु भएको छ । कृषिका बारेमा सामान्य जानकारीसमेत नभकाहरुलाई कृषि समितिमा राख्ने र मनमौजी खर्च गराउने कामहरु भैरहेका छन् । हुन त ०६३ को राजनीतिक परिवर्तनपछि सत्ता र शक्तिमा आएकाहरुले आफन्तलाई पोस्नका लागि कृषकलाई पेन्सन दिने र भैसीलाई सुत्केरी खर्च दिनेलगायतका योजना यसअघि नै सार्वजनिक गर्दैआएका छन् । उपरोक्त कुरा सामान्य उदाहारणमात्र हो । सरकारी पक्षबाट यस्ता अनगिन्ती फजुल खर्चहरु भैरहेको पाइएको छ । कतिपय नगए पनि हुने विदेश भ्रमणमा सकेसम्म ठुलो टोली पठाउने र सरोकारवालाभन्दा सत्तामा रहेकाहरुका आफन्तलाई समाबेश गर्ने कामहरु पनि भैरहेका छन् । नेपाल सरकार यति उदार छकी सरकारका मन्त्री र कर्मचारीको भ्रमण खर्चमा कुनै कन्जुस्याइँ हुनेगरेको छैन । वार्षिक बजेटले नपुगेर सरकारले रकमान्तरगरी त्यस्ता खर्च गरेका अनगिन्ती उदाहारणहरु रहेका छन् । त्यसैगरी सत्ताको निकट रहेका र पार्टीका कार्यकर्ताहरुलाई मनपरी ढंगले आर्थिक सहायता वितरण गरिएको तथ्यांक पनि छ । नेपालजस्तो देशको सरकारले पनि आर्थिक सहायता वितरणमा पनि खासै कन्जुस्याई गरिरहेको छैन । आर्थिक सहायताको सख्त आवश्यक परेका दूरदराजका गरिब र विपन्न व्यक्तिहरुले कुनै सहयोग पाएका छैनन् ।

सरकारी तथ्यांकलाई हेर्दा त्यस्तो आर्थिक सहायता पाउनेहरुमा पर्याप्त धनसम्पत्ति भएका बर्तमान र पूर्वराष्ट्रपतिहरु, पूर्वप्रधानमन्त्रीहरु र कतिपय विदेशी नेताहरुसमेत रहेको पाइन्छ । त्यसैगरी बिभिन्न पदक तथा विभूषण बितरणमा पनि सरकारले हात फुकाएरै खर्च गर्ने गरेको देखिएको छ । राजस्व असुली आर्थिक वर्षको सुरु महिना साउनदेखि कम हुँदै गएको देखिएको छ । गत बर्ष ०७९ को पुसमा बर्तमान सरकार सत्तामा आएलगत्तै तत्कालैबाट चालु बजेटमा खर्च कटौतीको विषयले प्राथकिता पाएको थियो । कतिपय चालु अवस्थामा रहेका कार्यक्रमका बजेटहरु नै रोक्का गरिएका थिए । कतिसम्म भने गतवर्ष करारमा कार्यरत रहेका कर्मचारी कटौतीसम्मका कुरा उठेको थियो । तर हाल आएर बर्तमान सरकारले फेरि अस्थायी कर्मचारी भर्ना गर्ने निर्णय गरेको छ ।

सो निर्णय सत्तारुढ दलका आफन्त र कार्यकर्ता भर्ना गर्नका लागि होभन्ने सहजै बुझ्न सकिने विषय छ । किनकी चालु आबको बजेटमा उल्लेख भएअनुसार कतिपय सरकारी कार्यालय र समिति तथा संस्थानहरु कटौती गरिएका छन् । त्यहाँ रहेका स्थायी कर्मचारीहरुको अन्य कार्यालयमा समायोजना गर्नुपर्ने हुन्छ । त्यसैगरी जगेडामा रहेका अन्य सरकारी कर्मचारीहरुको संख्या पनि उल्लेख्य रहेको छ । यस्तो अवस्थामा तत्काल सयौंको संख्यामा अस्थायी कर्मचारी भर्ना गर्नुपर्ने कुनै कारण छैन । महालेखा नियन्त्रक कार्यालयको तथ्यांक हेर्दा पनि सरकारका बिभिन्न निकायमा भएको फजुल खर्चको फेहरिस्त हरेक वर्ष लामो रहने गरेको छ । सरकारले समयमा नै फजुल खर्च नियन्त्रण गर्न नसकेको खण्डमा चालु आबमै समेत पूँजीगत खर्च, सरकारी कर्मचारीको तलब/भत्ता, सेवा निवृत्त कर्मचारीको पेन्सनलगायतका अन्य सुविधाको भुक्तानीलगायतमा समस्या आउनसक्ने अवस्था रहेको छ ।

चालु आब ०८०/८१ का लागि प्रतिनिधिसभा र राष्ट्रियसभाका बैठकमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा छलफल हुँदा पनि खर्च कटौतीका सम्बन्धमा गंभीर प्रश्न उठेका थिए । सांसदहरुबाट बिभिन्न शीर्षकको खर्च कटौतीका प्रस्तावहरु पनि आएका थिए । तर अर्थमन्त्रीबाट त्यसको बिरुद्ध बिभिन्न तर्कसहितका खण्डनहरु भए । नेपालको अर्थतन्त्रका बारेमा गहिरो अध्ययन नभएको भएपनि कतिपय सांसदहरुले अर्थमन्त्रीलाई यथार्थमा आधारित भएर बजेट ल्याएर देशको अर्थतन्त्र जोगाउन सुझाव दिएको देखिएको थियो ।

उनीहरुले पनि सरकारलाई यथार्थताबाट बाहिर नजान र फजुल खर्च नगर्न आग्रह गरेपनि आआफ्नो क्षेत्रमा सरकारी योजना जसरी पनि समावेश हुनुपर्ने मागसमेत गरेका थिए । त्यसैगरी सांसद विकास कोषका बारेमा हालसम्म पनि बिवाद कायमै रहेको छ । जो खासमा हरेक सरकारले सत्ता टिकाउनका लागि गर्ने फजुल खर्च हो । आर्थिक श्रोत र खर्च सुनिश्चित नभएका योजनाहरु खारेज गरिनुपर्ने कुराहरु पनि उठ्दै आएका छन् । तर केवल सत्ताको खिचातानीले गर्दा त्यसका बारेमा राम्रो अध्ययन र बिश्लेषण हुनसकिरहेको देखिंदैन । नेपालको अर्थतन्त्रले मागअनुसारका योजना बनाउने कि सांसद र बिभिन्न पार्टीका नेताहरुको मागअनुसार योजना बनाएर राष्ट्रको ढुकुटीबाट रकम खर्च गर्ने भन्नेमा सरकारमा रहेकाहरु अझै स्पष्ट हुन सकिरहेका छैनन् । दैनिक प्रशासनिक काम चलाउन पनि आन्तरिक आम्दानीबाट नसकिने होकि भन्ने प्रश्न उठिरहेका बेला सरकारमा रहेकाहरुले हात फुकाएर फजुल खर्च गर्नेगरेको देखिएको छ । जसलेगर्दा अर्थतन्त्रका बारेमा सत्ता र शक्तिमा रहेकाहरुले दोहोरो चरित्र देखाइरेहको पाइएको छ । फजुल खर्च र अनावश्यक संरचना निर्माण गर्ने कार्यका बारेमा तत्काल पुनरावलोकन गरेर ठोस निर्णय लिन नसक्ने होभने देशमा बढ्दै र गहिरिंदै गएको आर्थिक संकटको कसैगरे पनि सामाधान गर्न सकिँदैन । सरकारमा रहेकाहरुले बेलाबखत आर्थिक सुधार र फजुल खर्च कटौतीको कुरा गर्नेगरे पनि त्यसले व्यावहारिक मान्यता पाउन सकेको छैन । यो पनि स्पष्ट र सुनिश्चित कुरा होकि जबसम्म फजुल खर्चका कटौती गरिंदैन र श्रोतविनाका योजनाहरु बाँड्नेक्रम जारी रहन्छ, तबसम्म नेपालको समग्र आर्थिक अवस्था सुदृढ हुन सक्दैन ।

राज्यको आर्थिक दायित्व र अनावश्यक संरचना बनाउनेदेखि पूँजीको निर्माण नहुने वितरणमुखी कार्यक्रमले प्राथमिकता पाएसम्म नेपालको अर्थतन्त्रको सुधार गर्ने कुरा नगरे पनि हुन्छ । सरकार आफैंले सार्वजनिक खर्च पुनरावलोकन आयोग जस्ता निकायहरुको गठन गर्ने र उनीहरुमार्फत अध्ययन र अनुसन्धान गर्ने/गराउने गरेको छ । तर त्यस्ता निकायले सरकारसमक्ष पेश गरेका प्रतिवेदनहरुले औंल्याएका विषयहरुको भने तत्काल कार्यान्वयन गर्ने गरिएको छैन । हालको अवस्थामा केन्द्र र प्रदेशहरुमा मात्र नभएर स्थानीय तहहरुमा समेत सवारी साधनको खरिद र सञ्चालनमा राष्ट्रको ठुलो खर्च भैरहेको छ । सामान्य चालु खर्चका लागिसमेत ऋणमा निर्भर हुनुपर्ने अवस्थाको सिर्जना भएपछि देशमा सहजै वित्तीय सन्तुलन कायम हुने र देशको अर्थतन्त्र आर्थिक स्थायित्वतर्फ जाने कुनै संभावनाहरु देखिएका छैनन् ।

फजुल खर्च रोकेर मितव्ययी बन्न र सार्वजनिक खर्च प्रणालीमा सुधार गर्न विगतमा दिइएका कतिपय सुझावलाई सरकारमा रहेकाहरुले पन्छाउँदै आएको देखिएको छ । जबकी बर्तमान सरकारको नीति तथा कार्यक्रमको मस्यौदामा पनि सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने उल्लेख थियो । सवारीसाधन खरिदलगायतका कार्यालय सञ्चालन खर्च घटाउने र नयाँ सार्वजनिक निकाय नखोल्ने प्रस्ताव गरिए पनि सरकारमा रहेकाहरुले आफैले निधारण गरेका नीति तथा कार्यक्रमहरुको समेत कार्यान्वयन गरिरहेका छैनन् । त्यसैले हालको अवस्थामा सरकारी फजुल खर्चको नियन्त्रण र वित्त व्यवस्थापनमा देखिएका समस्याहरुको शिघ्र समाधान गर्न/गराउन सबै क्षेत्र र पक्षले ध्यान दिनसक्नुपर्ने भएको छ ।

# बाँझोपनको समस्या हटाउन कृत्रिम गर्भाधान

**कृत्रिम गर्भधारणका माध्यमबाट जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको मानिनेछ र सोहीबमोजिम निजको पितृत्व निर्धारण हुनेछ हुने कानुनी व्यवस्थाले सन्तानकै लागि दोस्रो विवाह गर्ने, सम्बन्ध बिच्छेद गर्ने, पारिवारिक कलहका घटनाहरुमा कमी आएको छ । मुलुकी देवानी संहिताको परिच्छेद ४ को आमा बाबु तथा छोरा छोरीको सम्बन्धसम्बन्धी व्यवस्थाको दफा १०९ मा कृत्रिम गर्भाधानबाट जन्मिएको शिशुको पितृत्व बाबुको हुने व्यवस्था छ ।**



बिष्णु गिरी 'निश्चल'

निःसन्तान सेवा केन्द्रबाट कृत्रिम गर्भधारणका माध्यमबाट शिशु जन्माउने प्रचलन बढ्दै गएको छ । कृत्रिम गर्भाधान (आइभिएफ, आइयुआई) प्रविधिबाट सन्तान जन्माउँदा महिलामा कृत्रिम गर्भाधान गरिन्छ । आइभिएफ कृत्रिम गर्भाधान गराउने स्वास्थ्य विज्ञानको एक प्रविधि हो । बाँझोपनको समस्या हटाउन यस्तो प्रविधि प्रयोग गरिन्छ । यसमा महिलाको डिम्ब र पुरुषको शुक्रकीट प्रयोगशालामा राखेर करिब ४८ घण्टापछि महिलाको गर्भाशयमा प्रतिस्थापन गरिन्छ । कुनै जोडीको प्राकृतिक गर्भधारण हुन नसकेमा केन्द्रले उनीहरूको स्वास्थ्य अनुसन्धान गरी कृत्रिम गर्भधारण गर्न मद्दत गर्ने गरिन्छ ।

तर निःसन्तान समस्या भन्नेबित्तिकै महिलाकै मात्र दोष हुन्छ भन्ने सामाजिक मान्यता हावी छ, समस्या महिलापुरुष दुवैमा बराबरी नै हुन्छ । कुनै पुरुषमा शुक्रकीट उत्पादन नै कम हुन्छ, कसैको शुक्रकीट पर्याप्त भइहाले पनि गुणस्तरीय हुँदैन, जसले गर्दा निःसन्तान समस्या हुन्छ । शुक्रकीट नै विकास नहुनेले अर्को व्यक्ति (डोनर) बाट शुक्रकीट लिएर पनि गर्भधारण गर्न सकिन्छ । आइभिएफ सेवाका लागि विशेषज्ञको सल्लाहमा महिलाले महिनावारी भएको २/३ दिनमा अन्डा बढ्ने औषधि खानुपर्छ । औषधि खाएको १० दिनमा अन्डाको चेकजाँच भएपछि पाइपद्वारा पुरुषको शुक्रकीट महिलाको पाठेघरमा राखिन्छ । अहिले पनि देशका विभिन्न अदालतमा सन्तानको अंश अधिकारका मुद्दाहरू विचाराधीन अवस्थामा छन् । धेरै मुद्दामा डिएनए परीक्षणलाई अन्तिम आधार मान्दा पीडित अन्यायमा परेका घटनामा पनि छन् ।

**कानुनमा के छ ?**

पछिल्लो समय मुलुकी देवानी संहिताको परिच्छेद ४ को आमा बाबु तथा छोरा छोरीको सम्बन्ध सम्बन्धी व्यवस्थाको दफा १०९ मा कृत्रिम गर्भाधानबाट जन्मिएको शिशुको पितृत्व बाबुको हुने व्यवस्था छ । 'कुनै व्यक्तिको वीर्यबाट कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको मानिनेछ र सोहीबमोजिम निजको पितृत्व निर्धारण हुनेछ,' उक्त दफामा भनिएको छ । यस्तै, विवाह भएको मितिबाट १ सय ८० दिन पछि जन्मिएको र पतिको मृत्यु भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुई सय बहत्तर दिनभित्र जन्मिएको सन्तानलाई मात्र विवाहित पतिबाट जन्मिएको शिशुका रूपमा लिइने व्यवस्था पनि संहितामा छ । 'पति-पत्नीबिच अन्यथा सहमति भएकोमा बाहेक विवाह भएको १ सय ८० दिनअघि पत्नीबाट जन्मिएको शिशुको पितृत्वलाई पतिले र त्यस्तो शिशुको जन्म हुनु अगाडि नै पतिको मृत्यु भैसकेको रहेछ भने निजका हकवालाले इन्कार गर्न सक्नेछन्,' दफामा १०७ मा उल्लेख छ । यद्यपि विवाह गर्नुअघि कुनै महिला गर्भवती भएको थाहा पाएर वा थाहा पाउनुपर्ने मनासिब कारण भई कुनै पुरुषले त्यस्तो महिलासँग विवाह गरेको रहेछ भने त्यस्तो अवधिअघि जन्मिएको कारणले मात्र शिशुको पितृत्व इन्कार हुनेछैन् ।

पति-पत्नीबिचको वैवाहिक सम्बन्ध अन्त्य भएपनि उनीहरूबाट जन्मिएका छोराछोरीको अधिकार भने दुवैमाथि कायमै रहने कानुनी व्यवस्था छ । संहिताको दफा ११८ मा छोराछोरीको बाबुआमामाथिको कानुनी अधिकार र उनीहरूप्रति आमाबुवाको दायित्वको प्रत्याभूति गरिएको छ । यस्तै, मातृत्व वा पितृत्व दुवैका आधारमा सन्तानको पहिचान हुने कानुनी व्यवस्था छ । प्रत्येक छोराछोरीले आमाबाबुलाई आदर, सम्मान र हेरचाह गर्नुपर्ने व्यवस्था पनि मुलुकी देवानी संहितामा छ । दफा १२२ को उपदफा (१) मा प्रत्येक छोरा-छोरीले आफ्ना आमा बाबुलाई आदर तथा सम्मानका साथ व्यवहार गर्नु पर्ने उल्लेख छ । सन्तानमाथि मातृक तथा पैत्रिक अख्तियारी छोराछोरीको उमेर १८ वर्ष पुगेर उनीहरूले रोजगारी प्राप्त गरी भिन्न बसे अन्त्य भएको मानिने व्यवस्था छ । शारीरिक वा मानसिक रुपले अशक्त भएको अवस्थामा भने उसले विवाह गरेर भिन्न बसेको अवस्थामा बाहेक मातृक र पैतृक अख्तियारीको अन्त्य हुनेछैन । त्यस्ता सन्तानको आवश्यक हेरचाह, स्याहारसुसार, औषधोपचार वा रेखदेख बुवाआमाले नै गर्नुपर्नेछ ।

यसरी कृत्रिम गर्भधारणका माध्यमबाट जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको मानिनेछ र सोहीबमोजिम निजको पितृत्व निर्धारण हुनेछ हुने कानुनी व्यवस्थाले सन्तानकै लागि दोस्रो विवाह गर्ने, सम्बन्ध बिच्छेद गर्ने, पारिवारिक कलहका घटनाहरुमा कमी आएको छ ।

*(लेखक अधिवक्ता हुन्)*

# सरकार स्वयम् गैरजिम्मेवार भएर निम्तिएको संकट



गोविन्द अधिकारी

नेपालका राजनीतिक दलका नेताहरु कुन हदसम्म गैरजिम्मेवार रहेछन् भन्ने कुराको प्रमाण चुच्चे नक्शाले गरेको छ । संविधान संसोधन गरेर नक्शा प्रकाशित गरेपछि तीन चारवटा सरकार गठन भए । तर ती कुनैपनि सरकारले अन्तर्राष्ट्रिय समुदायलाई यस सम्बन्धमा औपचारिक जानकारी पठाएका रहेनछन् भन्ने कुराको भेद यतिबेला पो खुलेको छ । भूमि अतिक्रमण भयो भनेर नै चुच्चे नक्शा प्रकाशित गरिएको हो । तर अतिक्रमित भूमिका सम्बन्धमा सम्बन्धित देशसँग समेत निर्णायक वार्ता हुन सकिरहेको छैन । त्यसैले सरकारमा कस्ता कर्तव्यच्युत र गैरजिम्मेवार व्यक्तिहरु पुगेका रहेछन भन्ने कुराको उदाहरण योभन्दा अरु आवश्यक नै परेन । तीर्खाको चासो त नेपाल सरकारलाई नै हुनपर्ने हो ।

यतिबेला चीनले नेपालको भूमि भारतमा गाभिएको नक्शा निकाल्दा पनि सरकारले कुनै सरोकार राखेको थिएन । जब काठमाडौं महानगरपालिकाका मेयर बालेन साहले त्यहि नक्शाका कारणले चीनको निमन्त्रणलाई अस्विकार गर्दै चीन भ्रमण रद्ध गरिदिए तब सबैको कान ठाडो भयो । बालेनले चीन भ्रमण रद्ध गरे भनेर राजनीतिक दलका नेताहरुका छाउराहरु बलेनमाथि खनिए । काठमाडौंको मेयरलाई चासो परेको विषय होईन भन्ने जस्ता अनुत्तरदायी अभिव्यक्तिसमेत दिए । आफू पनि चासो नराख्ने र अर्काले चासो राख्दापनि तर्सिने प्रवृत्ति नियाल्दापनि सरकार र राजनीतिक दलहरु मुलुकप्रति उदासीन रहेछन भन्नै पर्ने हुछ ।

नेपालका तीन ठुला राजनीतिक दलका नेताहरुलाई सत्ताको मात्र सरोकार छ । सत्ताका लागि लुछाचुँडी गर्न ध्यान केन्दित भएपछि देश र जनताको मतलब हुने पनि कुरा भएन । चुच्चे नक्सा पारित गर्ने समयमा नै ओली नेतृत्वको सरकार ढालेर आफू सत्तामा पुग्ने हतारो कांग्रेस र माओवादीलाई भएको थियो । कसरी सत्ता हत्याउँने र सत्ताको भागवण्डा लगाएर ब्रम्हलुटको साम्राज्य कायम गर्ने भन्ने तिरै एकाग्र भएका हुनाले पनि चुच्चे नक्शाका सम्बन्धमा अन्तर्राष्ट्रिय जगतलाई जानकारी गराउन सत्ताधारीहरुले नभ्याएका हुनसक्छन ।

अन्यथा हालसालै काठमाडौ महानगरपालिकाका मेयर बालेन साहले ग्रेटर नेपालको नक्शा अफ्नो कार्यकक्षमा झुण्ड्याउँदा विश्वव्यापी चर्चाहुँदा देशले प्रकाशित गरेको चुच्चे नक्शाका सम्बन्धमा किन र कसरी अन्तर्राष्ट्रिय जगत अनभिज्ञ भयो । जानकारी नै गराएको रहेनछ भन्ने कुराको स्विकारोक्ति त वर्तमान परराष्ट्रमन्त्री एनपी साउदले जारी गरेपछि नक्शासहितको नोट अरु मुलुकलाई हामीले पठाएका छौं कि छैनौं भनेर खोज्न लगाएको थिएँ, पठाएको देखिएन भन्ने भनाईले नै पुष्टि गरिदियो । यदि अभिलेख नै कतै अलपत्र परेको भए मात्र नत्र पठाएकै रहेनछ भन्ने बुझ्न पर्ने हुन्छ । अभिलेख अलपत्र परेकै कारणले फेला नपरेको हो भने पनि यो भन्दा ठुलो लापरवाही अरु केही हुन सक्दैन । लापरवाहीले शासन प्रशासन चल्दैन ।

अझ आश्चार्य त पूर्वपरराष्ट्रमन्त्री प्रदिप ज्ञवालीको चुच्चे नक्शा निकालेपछि तत्कालीन सरकारले चीनसहित सम्पुर्ण कुटनीति समुदायलाई पत्राचार गरी जानकारी गराएका थियौं भन्ने भनाई पो छ । वर्तमान र पूर्वपरराष्ट्रमन्त्रीबिचको यो दोहोरीले समस्या समाधान त पक्कै हुदैन । होईन झुट बोलिएको हो भने त्यसलाई पनि गैरजिम्मेवारपन नै मान्नपर्ने हुन्छ । जुन पक्षले त्यस्तो गैरजिम्मेवारपन प्रदर्शन गरेको भएपनि त्यो त देशप्रतिको बेईमानी नै हो । बेईमानीको पनि सीमा हुन्छ । हरेक पटक हर विषयमा बेईमानी गरेर आफ्नो निहित स्वार्थ पुर्ति गर्ने पात्र र प्रवृत्तिले राष्ट्रघात गरिरहेकै छ ।

यो त आधुनिक जमाना हो । चेतना, शिक्षा र जागरका दृष्टिले वर्तमान समयका सत्तासिनहरुमा क्षमता, दक्षता र कार्यकुशलता हुनै पर्ने थियो । तर दुर्भाग्य शैक्षिक उपाधि नलिएर दरबारमा नै अनौपचारिक शिक्षा हाँसिल गरेका राजा महेन्द्रमा जति पनि कुटनीतिक क्षमता यिनीहरुमा रहेनछ । राजा महेन्द्र नै हुन जसको कुटनीतिक सामर्थ्यले गर्दा विश्वका विभिन्न मुलुकसँग नेपालको दौंत्य सम्बन्ध भयो । विश्वले नै राजा महेन्द्रको क्षमता, कार्यकुशलता र व्यक्तित्वको कदर गर्‍यो । अन्यथा अन्तर्राष्ट्रिय सभा सम्मेलनमा राजा महेन्द्रको कदर हुने थिएन ।

राजा विरेन्द्रले नेपाललाई शान्ति क्षेत्र बनाउँने घोषणा गर्दा १ सय १६ राष्ट्रले मान्यता दिईसकेका थिए । केवल भाईको कारणले मात्र नेपाल शान्त्रि क्षेत्र बन्न सकेन । कुटनीतिक क्षमता र दुरदर्शीपनको उपज नै असंलग्न परराष्ट्रनीति थियो । अन्तराष्ट्रिय दौत्य सम्बन्धले गर्दा नै नेपालमा विभिन्न उद्योगधन्दा र कलकारखानाहरु स्थापना भए । पुर्व पश्चिम राजमार्गलगायतका अनेक राजमार्ग निर्माण भए । त्यसरी नै कृषि, वन, चिकित्साशास्त्र र इञ्जिनियरिङ्ग कलेजहरु स्थापना भए । जलविद्युतको क्षेत्रमा पनि कुलेखानी र मर्स्याङदी जलविद्युत आयोजना सम्पन्न भए । जे भएपनि विकासको पूर्वाधारको थालनी गर्ने कुराको श्रेय त राजा महेन्द्रलाई नै दिनुपर्छ । यतिबेलाका शासकहरु कुटनीतिमा असफल भए भन्ने टिप्पणी यत्रतत्र सर्वत्र भईरहेका छन् । मित्रराष्ट्र भारतसँग विभिन्न मतभेद थिए । तै पनि भारतले यतिबेला जस्तो ठाडो हस्तक्षेप गर्न सकेको थिएन । विशेष सम्बन्ध होईन समान सम्बन्ध भन्दै राजा महेन्द मित्रराष्ट्र चीनसँग हातेमालो गर्नपुगे । त्यहि हातेमालो देशकालागि ज्यादै उपयोगी बन्न पुग्यो । राजतन्त्र कालको अन्तर्राष्ट्रिय सम्बन्ध सन्तुलित थियो । जसले गर्दा कुटनीतिक सम्बन्ध विस्तार भयो । विश्वमा सम्पन्न हुने विभिन्न सभा समारोहहरुमा नेपालले सहभागिता जनाउँने अवसर पायो । त्यही सम्बन्धलाई सन्तुलित राख्नसमेत वर्तमान शासकहरुले सकेनन् ।

हुनत विदेशीको नीति र निर्देशनमा चल्नुपर्ने हुनाले वर्तमान शासकहरुले असंलग्न परराष्ट्र नीतिलाई व्यवहारमा परित्याग गरिसकेका छन् । एउटा शक्ति राष्ट्रको आड लागेर अर्को शक्ति राष्ट्रको अपमान र उपेक्षा गर्ने नीति कुटनीति होईन र मित्रराष्ट्र चीनले नेपाली भूमि भारतमा गाभिएको नक्शा त्यत्तिकै प्रकाशित गरेको होईन । यो त चीनले नेपाललाई दिएको चुनौती हो ।

# विद्युत् महसुल नतिर्नेलाई प्राधिकरणको चेतावनी




काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल नतिर्नेहरुका लागि १५ दिनभित्र तिर्नु भन्दै सार्वजनिक सूचना निकालेको छ । मिलेमतो गरी चौबीसै घण्टा बिजुली लिने तर, महसुल पनि नतिर्ने उद्योगी व्यापारीलाई विद्युत् प्राधिकरणले कारबाहिको चेतावनी दिएको छ ।

'महसुल नतिर्न पाउनुपर्ने' भन्दै अदालत पनि उनिहरुले मुद्दा दायर गरेको भएतापनी अदालतले उनीहरुको विपक्षमा फैसला सुनाएपछि प्राधिकरणले महसुल तिर्न सार्वजनिक सूचना जारी गरेको हो । प्राधिकरणका अनुसार झण्डै दशक अघिदेखि डेडिकेटेड र ट्रंक लाइन सुविधा लिएका, तर महसुल नतिरेका ग्राहकको संख्या ६७ भन्दा बढीले २० अर्ब रुपैयाँभन्दा बढी महसुल बुझाउन बाँकी छ । सूचनामा अनुसार १५ दिनभित्र अर्थात् असोज १ गतेसम्म उद्योगी/व्यापारीहरूले २० अर्ब रुपैयाँभन्दा बढी विद्युत् महसुल बक्यौता नेपाल विद्युत् प्राधिकरणलाई बुझाईसक्नु पर्नेछ ।

उक्त समयभित्र महसुल नबुझाएमा प्राधिकरणले विद्युत् महसुल संकलन विनियमावली, २०७८ को विनियम १० मा उल्लेखित प्रावधान बमोजिम कारबाही गर्ने चेतावनी दिएको छ । 'मिटर रिडिङ्ग गरेको ६० औं दिनसम्म विद्युत् महसुल नवुझाएमा बिना सूचना जुनसुकै समयमा पनि विद्युत् लाईन काटिनेछ,' भन्ने नियम भएपनी राजनैतीक आड र अदालतमा बिचराधिन मुद्दा रहेको भन्दै हालसम्म महसुल नतिरी बिजुली चलाइरहेकाहरुले अब महसुल तिर्नुपर्ने नत्र कारबाहीमा पर्ने अवस्था आएको छ ।

## सेजनमा ओलीको नेतृत्वमा नयाँ कार्यसमिति



काठमाडौं । नेपाल आर्थिक पत्रकार समाज (सेजन)को अध्यक्षमा सुजन ओली निर्वाचित भएका छन् । शनिबार काठमाडौंमा सम्पन्न सेजनको २५औं वार्षिक साधारणसभा तथा अधिवेशनबाट क्यापिटल नेपालका ओलीको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको हो । आर्थिक पत्रकारहरूको छाता संगठन सेजनको साधारणसभाले उपाध्यक्षमा ग्यालेक्सी फोरके टेलिभिजनका विनय बञ्जरा, महासचिवमा गोरखापत्र दैनिकका विश्वास रेग्मी, सचिवमा क्लिकमाण्डू डटकमका सोभित थपलिया र कोषाध्यक्षमा अनलाइनखबरका अच्युत पुरीलाई निर्वाचित गरेको छ । त्यस्तै, सदस्यहरूमा उकालो डटकमकी केशु लामिछाने, राससका हेमन्त जोशी, अन्नपूर्ण पोष्टकी ममता थापा, एनएनटिभीका छवि सापकोटा र बिजमाण्डू डटकमका वसन्तराज उप्रेती निर्वाचित भएका छन् ।

## नाट्यकर्मी महासंघको सचिवमा शिवाकोटी



काठमाडौं । नाट्यकर्मी महासंघ नेपालको अध्यक्षमा राजेन्द्र रिमाल सर्वसम्मत निर्वाचित भएका छन् । राष्ट्रिय नाचघर जमलमा सप्पन्न महासंघको दोश्रो महाधिवेशनले रिमालसहित ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । नयाँ कार्यसमितिको उपाध्यक्षमा प्रवीण पुमा, महासचिवमा जेबि डिसी, सचिवहरुमा दीपक निरौला, अशोक शिवाकोटी र कोषाध्यक्ष मन्जु गिरी चयन भएका छन् । सचिव शिवाकोटी अर्थ सवाल साप्ताहिकका कार्यकारी सम्पादक समेत हुन् । त्यसैगरी कार्यसमिति सदस्यहरुमा पुरू लम्साल, दीपक प्रसाद आचार्य, राम के. सी., पुष्पराज अवस्थी र सुशीला महर्जन चुनिएको छन् ।

## साप्ताहिक पत्रिका सञ्जालको अध्यक्षमा बराल



काठमाडौं । साप्ताहिक सञ्जाल नेपाल चितवनको अध्यक्षमा सूर्य बराल अध्यक्ष चयन भएका छन् । भरतपुर २९ भतेरीमा सम्पन्न सञ्जालको प्रथम अधिवेशनले सूर्य बरालको नेतृत्वमा ९ सदस्य नयाँ कार्यसमिति सर्वसहमत चयन गरेको हो । जसको उपाध्यक्षमा राजेन्द्र आचार्य, सचिवमा शान्ता अधिकारी, सह-सचिवमा बबिलाल तामाङ, कोषाध्यक्षमा हरि कार्की 'लक्की' र प्रवक्तामा नबिन बाबु मरहट्ठा सर्वसहमत चयन भएका हुन् । यस्तैगरी सदस्यमा रामेश्वर रिजाल, हरिप्रसाद उप्रेती 'भुवन' छन् भने बाँकी दुई सदस्य कार्यसमितिको पहिलो बैठकबाट चयन गरिने चयन अध्यक्ष बरालले अर्थ सवाल साप्ताहिकलाई जानकारी दिए ।

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना सयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बकुलहर चोक, चितवन, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना सयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

गोकुलगंगा गाउँपालका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना सयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।


विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

## एभरेष्ट बैंक र हिमालय दृष्य रिसोर्टबीच सम्झौता



काठमाडौं । एभरेष्ट बैंक लिमिटेड र हिमालय दृष्य रिसोर्ट धुलिखेलबीच छुट प्रदान गर्ने सम्झौतामा हस्ताक्षर भएको छ । योसँगै बैंकका सम्पूर्ण ग्राहकले उक्त रिसोर्टमा १० प्रतिशतसम्मको छुट पाउने छन् । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत विजयकुमार शर्मा र रिसोर्टका बजार तथा बिक्री प्रबन्धक बविता पाण्डेद्वारा हस्ताक्षरित उक्त सम्झौता लागू भएसँगै बैंकका ग्राहक, कार्ड प्रयोगकर्ता र कर्मचारी एवं तिनका पारिवारीक सदस्यले समेत सो छुटको लाभ लिन सक्नेछन् ।

## नबिल बैंकमा बुबा केयरको स्वास्थ्य शिविर



काठमाडौं । बुबा केयरले नबिल बैंक लिमिटेडका कर्मचारीलाई लक्षित गरेर दुई दिने नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरेको छ । नेपाल प्याथ ल्यावको प्राविधिक सहयोगमा आयोजना गरिएको शिविरमा बैंकका सबै कर्मचारीको बुबा केयरका अध्यक्ष डा.अनाम प्याकुरको नेतृत्वमा तथा प्रबन्ध निर्देशक डा.रोशन खतिवडा रहेको विशेषज्ञ डाक्टरसहितको समूहले स्वास्थ्य परीक्षण गरेको थियो । साथै हाल देखिएको कन्जक्टिभाइटिस रोगले पार्न सक्ने प्रभावसमेतलाई मध्यनजर गर्दै सम्पूर्ण कर्मचारीको आँखा पनि परीक्षण गरिएको छ ।


बुवा केयर स्थापनाको छोटो समयमै विभिन्न क्षेत्र तथा ठाउँमा कर्पोरेट सामाजिक उत्तरदायित्व अन्तर्गत नि:शुल्क रूपमा स्वास्थ्य शिविरको आयोजना गर्दै आएको छ ।

## कामना सेवा र हिमालयन जाभा कफीबीच सम्झौता



काठमाडौं । कामना सेवा विकास बैंक र हिमालयन जाभा कफीबीच सम्झौता भएको छ । उक्त सम्झौता अन्तर्गत कामना सेवा विकास बैंकसँग आवद्ध ग्राहकले काठमाडौं महानगरपालिका-२९ पुतलिसडकस्थित हिमालयन जाभा कफीले प्रदान गर्ने सेवा सुविधामा १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन् । बैंकसँग आवद्धताको प्रमाणको आधारमा यो सुविधा सहजै प्राप्त गर्न सकिनेछ । यस सम्झौताबाट बैंकसँग आवद्ध सम्पूर्ण महानुभावहरुले विशेष लाभ लिने विश्वास लिएको बैंकले जनाएको छ ।

## महालक्ष्मी विकास बैंकको परिष्कृत अनलाइन सेवा




काठमाडौं । महालक्ष्मी विकास बैंकले परिष्कृत अनलाइन सेवा सञ्चालनमा ल्याएको छ । ग्राहकहरुको डिजिटल बैंकिङको आवश्यकता र चाहनालाई मध्यनजर गर्दै बैंकले सञ्चालित अनलाइन सेवाहरुलाई परिष्कृत गर्दै पुन: सञ्चालनमा ल्याएको जनाएको छ ।

बैंकले अनलाइन सेवालाई परिष्कृत गरेसँगै ग्राहकहरुले अनलाइनमार्फत सहजै रुपमा खाता खोल्न, ग्राहक पहिचान विवरण अद्यावधिक, नयाँ डेबिट कार्ड, मोबाइल बैंकिङ सेवाहरु प्राप्त गर्न सक्नेछन् । डिजिटल बैंकिङलाई प्रोत्साहन गर्दै वित्तीय सेवाहरुलाई प्रभावकारी बनाउने उद्देश्यले बैंकले उक्त अनलाइन सेवालाई संशोधन गरेको हो ।

## एनएलजी इन्स्योरेन्सको बिक्री प्रबन्धकमा लक्ष्मी क्यापिटल



काठमाडौं । एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडले हकप्रद सेयर निष्काशनका लागि लक्ष्मी क्यापिटल मार्केटलाई बिक्री प्रबन्धकमा नियुक्त गरेको छ । कम्पनी र क्यापिटलबीच हकप्रद सेयर निष्कासन तथा बिक्री सम्बन्धी सम्झौता भएको छ । सम्झौता पत्रमा एनएलजी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत सुनिल बल्लभ पन्त र क्यापिटलका प्रमुख कार्यकारी अधिकृत राजीव सापकोटाले हस्ताक्षर गरेका छन् । एनएलजी इन्स्योरेन्सको हालको पुँजी एक अर्ब ४५ करोडको प्रतिसेयर एक सय रुपैयाँ अंकित १० कित्ता सेयरको ६.६ को अनुपातमा ९६ लाख ३१ हजार २२० कित्ता हकप्रद सेयर निष्कासन गर्ने छ ।

## माछापुच्छ्रे बैंकको लाभांश घोषणा

काठमाडौं । माछापुच्छ्रे बैंकले लाभांश घोषणा गरेको छ । बुधबार बिहान बसेको बैंक सञ्चालक समितिको बैठकले आर्थिक वर्ष २०७९/८० को नाफाबाट सेयरधनीलाई नगद र बोनस लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो । सञ्चालक समितिले गत आर्थिक वर्षको नाफाबाट सेयरधनीलाई चुक्ता पूँजीको १३ दशमलव ३० प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि शून्य दशमलव ७० प्रतिशत बोनस सेयर वितरण गर्ने निर्णय गरेको हो । उक्त बैंकको प्रस्तावअनुसार नेपाल राष्ट्र बैंकले स्वीकृति दिएको र बैंकको आगामी साधारणसभाले पारित गरेपछि उक्त लाभांश लगानीकर्तामा वितरण हुनेछ । गत आर्थिक वर्षको लाभांश घोषणा गर्ने पहिलो बैंक माछापुच्छ्रे बनेको छ । बैंकले प्राथमिक पूँजीकोष पुऱ्याउन नसक्दा आर्थिक वर्ष २०७८/७९ को

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
अझ सबल, उत्कृष्ट एवं विस्तारित

नाफाबाट गत आर्थिक वर्षमा सेयरधनीलाई लाभांश वितरण गर्न पाएको थिएन । दुई आर्थिक वर्षको मुनाफाबाट बैंकले यसपटक १४ प्रतिशत लाभांश प्रस्ताव गरेको हो ।

## गरिमा क्यापिटलको तीज लक्षित प्रतियोगिता




काठमाडौं । नेपाली महिलाहरुको महान चाड हरितालिका तीजको उपलक्ष्यमा गरिमा क्यापिटलले 'गरिमा क्यापिटल तीज सारीमा सेल्फी प्रतियोगिता' आयोजना गर्ने भएको छ । क्यापिटलले तीजलाई भव्यताका साथ मनाउने उद्देश्यले नेपाली महिलाका लागि यही भदौ १७ देखि असोज ५ गतेसम्मका लागि सो प्रतियोगिताको आयोजना गरेको जनाएको छ ।

सो सेल्फी प्रतियोगितामा भाग लिन क्यापिटलले विभिन्न शर्तहरु निर्धारण गरेको जनाएको छ । बैंकले तोकेको शर्त र मपदण्डका आधारमा सहभागी भएका प्रतियोगीबाट विजयी छनौट गरिने क्यापिटलको भनाइ छ । छनौट भएका उत्कृष्ट तीन विजेतालाई क्रमश तीन, दुई र एक हजार रुपैयाँ नगद पुरस्कार दिने क्यापिटलेल जानकारी दिएको छ ।

## मुक्तिनाथ कृषि कम्पनीका पाँच संरचना विस्तार



काठमाडौं । मुक्तिनाथ कृषि कम्पनीले सोमबार एकै साथ पाँच संरचनाको उद्घाटन गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्री डा.बेदराम भुसालले यी पाँच संरचनाको उद्घाटन गरेका हुन् ।

कम्पनीले तयार गरेको पाँच वर्षे रणनीतिक योजना 'भिजन २०८५' अनुसार कृषक, उपभोक्ता, व्यावसायिक साझेदार तथा सेवाग्राही सेवा प्रदान गर्ने उद्देश्यले तयार गरिएको बताइएको छ । इटहरी, बर्दिवास, काठमाडौं, बुटवल, सुर्खेत र धनगढीमा अवस्थित 'प्रादेशिक कार्यालयहरु', स्याङ्जा र चितवनमा अवस्थित 'फार्म उत्कृष्टता केन्द्र', कृषिमा लगानी प्रवर्द्धनका लागि 'कृषि व्यवसाय परामर्श केन्द्र', कृषकलाई दैनिक सेवाको लागि 'कृषकसँग मुक्तिनाथ कल सेन्टर' र आर्टिफिसियल इन्टेलिजेन्समा आधारित 'मुक्तिनाथ एप' संरचना सञ्चालनमा ल्याइएको हो ।

कार्यक्रममा मन्त्री भुसालले कृषि क्षेत्रको समग्र विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहने बताउँदै कृषकका उत्पादन र उत्पादकत्व वृद्धिका लागि सहयोग पुऱ्याउने बताए ।


### तीनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाम्पन्टार, सिन्धुली, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
